# सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरुको राजस्व सुधार कार्ययोजना (RIAP) कार्यान्वयनको अवस्था अध्ययन प्रतिवेदन

**पेश गरिने निकाय**

सुदूरपश्चिम प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना डोटी

**पेश गर्ने**

सुदूरपश्चिम विश्व विध्यालय

अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्र

महेन्द्रनगर, कञ्चनपुर

असार, २०८१

अनुसन्धान व्यवस्थापन तथा लेखन समिती

१. डा. दमन बहादुर चलाउने – संयोजक

२. डा. मदन सिंह देउपा – सदस्य

३. डा. दिपक चन्द्र भट्ट- सदस्य

४. डा. यज्ञ राज पाण्डेय – सदस्य

राजस्व सुधार विज्ञ टोली

१. डा. गोबिन्द राज जोशी – संयोजक

२. श्री हरिशंकर पन्त – सदस्य

प्राविधिक सहयोग

१. श्री दिनेश चन्द्र जोशी

# धन्यवाद ज्ञापन

सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको आर्थिक सहयोग तथा सहकार्यमा सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहहरूको राजश्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धि अध्ययन कार्य सम्पन्न भएको छ । स्थानीय तहको राजश्वका विभिन्न पक्षहरू सम्बन्धि अध्ययन अनुसन्धान गर्ने अवसर प्रदान गरेकोमा सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, डोटीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसरी नै अध्ययन अनुसन्धानका लागि छनोट गरिएका कैलारी गाँउपालिका, कैलाली, दोधार चाँदनी नगरपालिका, कंचनपुर, पुर्वीर्चाकी गाँउपालिका, डोटी, बुढीगंगा नगरपालिका, बाजुरा र छबिस पाथिभेरा गाँउपालिका, बझाङ्गका प्रमुख, उपप्रमुख लगायत अन्य जनप्रतिनिधि तथा कर्मचारीहरूप्रति सूचना संकलनका क्रममा गरिएको सहजीकरणका लागि कृतज्ञता व्यक्त गर्दछु । सिमित स्रोत साधन तथा समयका बावजुद अहोरात्र खटिएर यस अध्ययन अनुसन्धान कार्यलाई सम्पन्न गर्न योगदान पुर्‍याउनु हुने अनुसन्धान, व्यवस्थापन तथा लेखन समिति, राजस्व सुधार विज्ञ टोली र अनुसन्धानका क्रममा प्राविधिक रुपमा सहयोग गर्नुहुने सबै धन्यवादका पात्र हुनु हुन्छ । यस अनुसन्धान प्रतिवेदनले स्थानीय तहहरूलाई प्रभावकारी रुपमा राजस्व संकलन गर्न र आवश्यक कार्यविधि निर्माण गर्न तथा प्रदेश सरकारलाई राजस्व संकलनका विभिन्न पक्षहरूसँग सम्बन्धित नीति नियम परिमार्जन तथा निर्माण गर्न टेवा पुर्‍याउने छ भन्ने अपेक्षा गरेको छु ।

धन्यवाद ।

डा. दमन बहादुर चलाउने

निर्देशक

अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द्र

सुदूरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कंचनपुर

# सारांश

नेपालको संविधान २०७२ द्वारा प्रदत्त प्रावधान अनुरुप राज्यको शासकीय स्वरुप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित रहेको छ । नागरिकका अधिकांश प्रत्यक्ष सरोकारका विषयवस्तु र स्थानीय स्तरका विकासात्मक कार्यहरू स्थानीय तहसँग सम्बन्धित रहेकोले स्थानीय तह हरतरहले सबल तथा सक्षम हुनु अनिवार्य देखिन्छ । स्थानीय तहको आर्थिक सबलीकरणको लागि संवैधानीक प्रावधान अनुरुप हाल संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ । यस्ता अनुदान स्वरुप प्राप्त हुने रकमले मात्र स्थानीय तहको सर्वाङ्गिण विकास संभव नहुने भएकोले राजस्वका रुपमा विभिन्न प्रकारका कर तथा गैर कर संकलन गर्ने अधिकार संवैधानिक रुपमा स्थानीय निकायलाई प्रदान गरिएको छ । प्रभावकारी रुपले कर संकलन गर्न प्रदेश भित्रका ८८ मध्ये ७० वटा स्थानीय निकायहरूले राजश्व सुधार कार्ययोजना निर्माण गरेका छन् भने ३५ वटा स्थानीय तहहरूले यस्तो कार्ययोजना लागु समेत गरेका छन् ।

यसै परिप्रेक्ष्यमा राजश्व सुधार कार्ययोजना लागु गरेका स्थानीय तहहरूले उक्त कार्ययोजना के कति प्रभावकारी रुपमा लागु गर्न सकेका छन् र यसको प्रभावकारिता कस्तो रहेको छ भन्ने सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको आर्थिक सहयोग तथा सहकार्यमा अनुसन्धान, नवप्रवर्तन तथा विकास केन्द,्र सुदूरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कंचनपुरद्वारा अध्ययन अनुसन्धान गरिएको थियो । यस अध्ययनको उद्देश्य सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरूको राजश्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था पत्ता लगाउनु रहेको थियो । अनुसन्धानको समस्या र विषयवस्तुसँग सम्बन्धित विभिन्न दस्तावेजहरूलाई पूर्व साहित्यका रुपमा लिई पुनरावलोकन गरिएको थियो । अनुसन्धानलाई सहज एवम् प्रभावकारी बनाउन अवधारणात्मक ढाँचाको प्रयोग गरिएको थियो ।

यस अध्ययनका लागि अध्ययन क्षेत्रका रुपमा तराई, पहाड र हिमाली क्षेत्रको प्रतिनिधित्व गर्ने गरी कंचनपुर, कैलाली, डोटी, बाजुरा र बझाङ्ग पाँच वटा जिल्लाहरूको छनोट गरिएको थियो । अध्ययन कार्यलाई मूर्तरुप दिन मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो । पाँच वटा जिल्लालाई समान सम्भाव्यता नमूना छनोट विधि अन्तर्गतको स्तरिकृत नमूना छनोट विधिको प्रयोग गरिएको थियो भने सूचना संकलनका लागि गहन अन्तरवार्ता, लक्षित समूह छलफल, रुजु सूचि, अवलोकन तथा दस्तावेज

अध्ययन जस्ता साधनहरूको प्रयोग गरिएको थियो । गुणात्मक सूचनालाई आवश्यकतानुसार अनुच्छेद तथा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको थियो भने परिमाणात्मक तथ्याङ्कलाई तालिका, प्रतिशत, स्तम्भचित्र र रेखाचित्रमा प्रस्तुत गरि विश्लेषण तथा व्याख्या गरिएको थियो ।

पाँच वटै पालिकाहरूले आ.व. २०७९/८० देखि २०८१/८२ सम्म तीन बर्षका लागि राजश्व सुधार कार्ययोजना तयार पारि लागु गरेको पाइयो । आ.व. २०७९/८० मा स्थानीय तहहरूको राजश्व सुधार कार्ययोजनामा गरिएको राजश्व प्रक्षेपण र स्थानीय तहको राजश्व प्रक्षेपण बीचको फरक विश्लेषण गर्दा सबैभन्दा बढी फरक छबिस पाथिभेरा गाँउपालिका, बझाङ्गमा ७२.१३ प्रतिशत र सबैभन्दा कम बुढिगङ्ग नगरपालिका, बाजुरामा १२.४१ प्रतिशत रहेको पाइयो । यसरी नै स्थानीय तहहरूको राजश्व प्रक्षेपण र वास्तविक आय बीचको फरक विश्लेषण गर्दा सबै भन्दा बढी फरक ५७.९३ पूर्वीचौकी गाँउपालिका, डोटीमा र सबै भन्दा कम दोधारा चाँदनी नगरपालिका, कंचनपुरमा १.६० प्रतिशत रहेको पाईयो ।

पाँच वटै स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनामा उल्लेख गरे बमोजिम आन्तरिक श्रोत तर्फका केहि शिर्षकहरुमा राजस्व प्रक्षेपण गरिएतापनि सबै शिर्षकहरुमा हाल सम्म पनि राजस्व प्रक्षेपण नगरिएको, केहि शिर्षकहरुमा राजस्व संकलन सुरु नभएको र केहि शिर्षकहरुमा राजस्व संकलन हुन नसकेको पाईएको छ । त्यसै गरी स्थानीय तहरुले राजस्व प्रक्षेपण गरेका अधिकांस शिर्षकहरुमा वास्तविक आय प्रक्षेपण भन्दा न्यून रहेको, केहि शिर्षकहरुमा प्रक्षेपण र वास्तविक आय मिल्दो जुल्दो रहेको पाईएको छ भने दोधारा चाँदनी नगरपालिका, कन्चनपुर र पुर्वीचौकी गाउँपालिका, डोटीमा केहि शिर्षकहरुमा राजस्व प्रक्षेपण भन्दा वास्तविक आय बढी भएको पाईएको छ ।

अध्ययन गरिएका स्थानीय तहहरुको आ.व. २०७७/०७८ देखि २०७९/०८० (३ वर्ष) को आय परिचालनको अवस्था र प्रवृत्ति हेर्दा मिश्रित रहेको पाईएको छ । दोधारा चाँदनी नगरपालिका, कन्चनपुरमा आन्तरिक आय परिचालन घट्दो क्रममा रहेको पाइयो भने पुर्वीचौकी गाउँपालिका, डोटी र बुढीगंगा नगरपालिका, बाजुरामा आन्तरिक आय परिचालन बढ्दो क्रममा रहेको पाइन्छ । त्यसै गरी कैलारी गाउँपालिका, कैलाली र छविस पाथिभेरा गाउँपालिका, बझांगमा आन्तरिक आय परिचालन मिश्रित रुपमा रहेको पाईएको छ । आ.व. २०७९/८० देखि कार्यान्वयन सुरु गरिएको राजस्व सुधार कार्ययोजनाहरुको प्रभावकारी कार्यान्वयन हुननसक्दा आन्तरिक आय परिचालन पनि प्रभावकारी हुन नसकेको देखिएको छ । स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजनाहरुको कार्यान्वयनमा सहजता ल्याउन गर्न आवश्यक पर्ने थप कानूनी व्यवस्थाहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको देखिन्छ ।

यस अध्ययन अनुसन्धानले सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहहरूलाई राजश्व संकलनका विभिन्न पक्षहरूमा सुधार गर्न, प्रभावकारी रुपमा राजश्व संकलन गर्न मार्गदर्शन प्रदान गर्ने छ भने सुदूरपश्चिम प्रदेश सरकारलाई प्रदेश अन्तर्गतका स्थानीय निकायहरूको राजश्व संकलनको यथार्थ अवस्था थाहा पाई सुधारका लागि आवश्यक नीति नियम परिमार्जन तथा निर्माण गर्न र सम्बन्धित विषयवस्तुमा आवश्यक निर्णय गर्न सहयोग पुऱ्याउने छ ।

# विषय सूची


धन्यवाद ज्ञापन ii

सारांश iii

**परिच्छेद एक : परिचय** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको औचित्य २

१.३ उद्देश्य ३

१.४ अध्ययनको परिसिमा ३

**परिच्छेद दुईः साहित्यको पुनरावलोकन** ४

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ४

२.२ अध्ययनको अवधारणात्मक ढाँचा ५

**परिच्छेद तीनः अध्ययन विधि** ७

३.१ अध्ययनको क्षेत्र ७

३.२ अध्ययनको ढाँचा ७

३.३ नमूना तथा नमूना छनोट विधि ७

३.४ सूचना संकलनका साधनहरू ८

३.५ तथ्यांक संकलन विधि र प्रकृया ८

३.६ सूचनाको प्रस्तुतिकरण तथा विश्लेषण प्रकृया १०

**परिच्छेद चारः नतिजा तथा छलफल** ११

४. अध्ययनको नतिजा ११

४.१ राजस्व सुधार कार्ययोजनाको वर्तमान अवस्था र वैधानिकता ११

४.२ राजस्व प्रक्षेपण र वास्तविक आयको अवस्था १२

४.३ स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजना बमोजिम राजस्वका श्रोतहरुको कार्यान्वयनको अवस्था १४

४.४ स्थानीय तहको आन्तरिक आय परिचालनको अवस्था र प्रवृति २९

४.५ आन्तरिक आय संकलन तथा परिचालन सम्बन्धि स्थानीय तहहरुमा रहेका कानूनी प्रावधानहरु ३१
४.६ आन्तरिक आय संकलन तथा परिचालनमा देखिएका चुनौती तथा अवसरहरु ३२
**परिच्छेद पाँचः निष्कर्ष र सुझावहरु** ३३
**सन्दर्भसुची** ३७
**अनुसूचीहरु** ४०
अनुसूची १ः लक्षित समुह छलफल तथा अन्तरक्रिया मार्फत तथ्यांक संकलन चेकलिस्ट ४०
अनुसूची २ः सम्बन्धित जानिफकार संगको अन्तरवार्ताको तथ्यांक संकलन प्रश्नावली ४१
अनुसूची ३ः अध्ययन का क्रममा सम्पर्क गरिएका व्यक्तिहरु ४३
अनुसूची ४ः अध्ययनका क्रममा लिइएका तस्विरहरु ४५

# चित्र सूची

चित्र १: अध्ययनको अवधारणात्मक ढाँचा ........ ६
चित्र २: राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्थाको तथ्यांक संकलन विधि र प्रकृया ........ ९
चित्र ३. स्थानीय तहहरुको राजस्व प्रक्षेपण, राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्वको प्रक्षेपण तथा स्थानीय तहहरुको वास्तविक आयको अवस्था (आ.व. २०७९/८०) ........ १२
चित्र ४ :राजस्व सुधार कार्ययोजना र स्थानीय तहको राजस्व प्रक्षेपण र वास्तविक आयको अवस्था विश्लेषण (आ.व. २०७९/८०) ........ १३
चित्र ५ : स्थानीय तहहरुको आन्तरिक आय परिचालनको अवस्था र प्रवृति ........ ३०

# तालिका सूची

तालिका १: सूचनादाताहरूको विवरण ........ ८
तालिका २:स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनाहरुको वर्तमान अवस्था ........ ११
तालिका ३:राजस्व सुधार कार्ययोजना र स्थानीय तहको राजस्व प्रक्षेपण र वास्तविक आयको अवस्था विश्लेषण (आ.व. २०७९/८०) ........ १४
तालिका ४ : राजस्व सुधार कार्ययोजना बमोजिम विभिन्न राजस्वका शिर्षकहरुमा स्थानीय तहहरुको राजस्व प्रक्षेपण र संकलनको संक्षीप्त जानकारी ........ १६
तालिका ५ : दोधारा चाँदनी नगरपालिकामा राजस्व संकलनका शिर्षकहरु, प्रक्षेपण र संकलनको विशेल्ष्ण २०
तालिका ६ : कैलारी गाउँपालिकामा राजस्व संकलनका शिर्षकहरु, प्रक्षेपण र संकलनको विशेल्ष्ण ........ २३
तालिका ७ : पुर्वीचौकी गाउँपालिकामा राजस्व संकलनका शिर्षकहरु, प्रक्षेपण र संकलनको विशेल्ष्ण ........ २४
तालिका ८ : बुढीगङ्गा नगरपालिकामा राजस्व संकलनका शिर्षकहरु, प्रक्षेपण र संकलनको विशेल्ष्ण ........ २६
तालिका ९ : छविस पाथिभेरा गाउँपालिकामा राजस्व संकलनका शिर्षकहरु, प्रक्षेपण र संकलनको विशेल्ष्ण ........ २८
तालिका १० : स्थानीय तहहरुको आन्तरिक आय परिचालनको अवस्था ........ ३०
तालिका ११ : स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनाहरुको कार्यान्वयनका लागि गरिएका कानूनी व्यवस्थाहरु ........ ३१

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानून बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरुको सामथ्र्य वृद्धि गर्नका लागि पनि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखि गाँउपालिका तथा नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनकोलागि राजश्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन उपयोगबाट स्थानीय तहहरुले राजश्व सुधार कार्य योजना तयार गरेका छन् ।

नेपालको संविधानको धारा ६० बमोजिम राजश्व स्रोतको बाँडफाँड अन्तर्गत स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतबाट राजश्व उठाउन सक्ने प्रावधान

बमोजिम स्थानीय सरकारले राजश्व संकलन गरिरहेका सन्दर्भमा झन्डै ८०% स्थानीय तहहरुले राजश्व संकलन, व्यवस्थापन र प्रभावकारी कार्यान्वयनकालागि सम्बन्धित स्थानीय तहको "राजश्व सुधार कार्ययोजना" तयार गरेको अवस्था छ । सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुका ७० वटा स्थानीय तहहरुमा राजश्व सुधार कार्य योजना तयार गरी कार्यन्वयनमा रहेको छ । जस मध्ये सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना डोटीले ३५ वटा स्थानीय तहहरुमा राजश्व सुधार कार्य योजना तयार गर्न सहयोग पुर्याएको थियो ।

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, अन्तर सरकारी वित्त व्यवस्था ऐन, स्थानीय तहका आर्थिक ऐनहरु, विनियोजन ऐनहरु लगाएत संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका कानुनको आधारमा स्थानीय सरकार आन्तरिक स्रोत संकलन, व्यवस्थापन, परिचालनको हिसाबले सबल र सक्षम भइ जनताका असिमित आवश्यकता पुर्ति गर्ने अभिभारा रहेको छ । कानुनत राजश्व सुधारका लागि कार्यजोजना निर्माण गरिएता पनि त्यसको प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ र संघ तथा प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई दिने गरेको अनुदानको ठुलो प्रतिशत बर्षेनी कटौती हुदै आएको सन्दर्भमा स्थानीय तहको राजश्व सुधार र यसको कार्यान्वयनमा देखिएका समस्या पहिचान गरि समयमै समाधानका उपायहरु पत्ता लगाउन आवश्यक देखिएकोले यो अध्ययन सुरु गर्न खोजिएको छ । अतः स्थानीय तहहरुले तर्जुमा गरेका "राजश्व सुधार कार्ययोजना" को कार्यान्वयनको अवस्था अध्ययन गरि प्रभावकारी कार्यान्वयनकालागि सुझाव दिने उद्धेश्यले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना डोटीले सुदूरपश्चिम विश्व विध्यालयसंग समन्वय र सहकार्य गरि सुदूरपश्चिम प्रदेश अन्तर्गतका पाँच वटा स्थानीय तहहरुमा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनको अवस्था अध्ययन गरेको छ।

## १.२ अध्ययनको औचित्य

नेपालको संविधान २०७२ ले राज्यको वर्तमान संरचना अनुरुपको शासकीय स्वरुपलाई संघ, प्रदेश र स्थानीय निकाय गरी तीन तहमा विभाजन गरेको छ । संविधानले शिक्षा, स्वास्थ्य, अर्थतन्त्र लगायत अन्य विभिन्न क्षेत्रमा तीन वटै निकायका कार्याधिकारहरू स्पष्टरुपले विभाजन गरेकोछ । संघीय लोकतान्त्रिक गणतन्त्र राज्यको संरचना अनुरुप हाल नेपाल सात वटा प्रदेशहरूमा विभाजित छ (नेपालको संविधान, २०७२)। सबै प्रदेशहरू संविधानको अधिनमा रही प्रदेशको सर्वाङ्गिण विकासको लागि स्वायत्त रहने व्यवस्था छ । कुनै पनि क्षेत्रको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने विभन्न साधन स्रोतहरू मध्येको एउटा महत्वपूर्ण साधन आर्थिक साधन हो । प्रदेश अन्तर्गतका विभिन्न स्थानीय

निकायहरूको विकासको लागि संबन्धित पालिकाहरूले आफ्नो भौगोलिक क्षेत्र अन्तर्गत वर्तमान संविधान तथा प्रदेश सरकारका कार्यविधि अनुरुपका करहरू उठाई राजश्व संकलन गर्ने प्रावधान रहेको छ। यस क्रममा सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरूमा रहेका ७० वटा स्थानीय तहहरू मध्येका सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको सहयोगमा राजश्व सुधार कार्य योजना तयार पारिएका ३५ वटा स्थानीय तहहरू मध्ये हिमाल, पहाड र तराईको प्रतिनिधित्व हुने गरी पाँच वटा स्थानीय तह अर्थात पालिकाहरूको राजश्व सुधार कार्ययोजनाका विभिन्न पक्षहरूको कार्यान्वयनको अवस्था पहिचान तथा विश्लेषण गर्ने कार्य यस अनुसंधान परियोजना अन्तर्गत गरिएको छ। यस अध्ययनले छनौटमा परेका पाँच वटै पालिकाहरूको राजश्व सुधार कार्ययोजनाका विभिन्न पक्षहरूको अध्ययन तथा अवलोकन गरी राजश्व संकलनका विभिन्न पक्षहरूमा रहेका सबल तथा दुर्वल पक्षहरू पहिचान गरेकोले यस अध्ययन अनुसंधानको निश्कर्षका आधारमा संबन्धित स्थानीय निकायलाई राजश्व संकलनमा रहेका विभिन्न कमीकमजोरीहरूको निराकरण गर्दै राजश्व संकलनलाई थप प्रभावकारी बनाउन, पालिकाको सबल र सन्तुलित रुपमा विकास गर्न र सुदूरपश्चिम प्रदेश सरकारलाई प्रदेश अन्तर्गतका पालिकाहरूको राजश्व संकलनका विभिन्न पक्षसँग संबन्धित जानकारी प्राप्त गर्न, आवश्यकतानुसार वित्तीय सहयोग प्रदान गर्न र आवश्यक नीति नियम तथा कार्यविधि निर्माण गर्न सहयोग पुऱ्याउने छ।

## १.३ उद्देश्य

सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरुले तर्जुमा गरेका "राजश्व सुधार कार्ययोजना" को कार्यान्वयनको अवस्था अध्ययन गर्ने ।

## १.४ अध्ययनको परिसिमा

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्रले सहजीकरण गरेका सुदुरपस्चिम प्रदेशमा राजस्व सुधार कार्ययोजनाहरु अर्थात् ७० मध्यका ३५ वटा कार्ययोजना लाइ समग्र जनसंख्या मानि पाँच वटा पालिका लाई मात्र छनौट गरि अध्ययन गरिएको छ।

# परिच्छेद दुईः साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनका लागि राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन (२०७४), आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यी श्रोतहरुलाई आधार मानेर सुदूरपश्चिम प्रदेश अन्तर्गतका ३५ वटा स्थानिय तहहरुले स्थानीय तहको आय सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना निर्माण गरेको पाइयो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३सम्म स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरू जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घर– जग्गा बहाल कर, पार्किङ शुल्क, जडीवुटी, कबाडी र जीवजन्तुकर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरू रहेका छन् । यसरी नै गैरकर अन्तर्गत नगरपालिकाबाट विभिन्न सेवाहरू उपयोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरूबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र नगरपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिणाममा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिव्रmी र अन्य सम्पत्ति विव्रmी, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेको छन् ।

यसै गरी स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को दफा ६५ उपदफा २ (ख) ले राजश्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ , जस अन्तर्गत सुदूरपश्चिम प्रदेश अन्तर्गतका ३५ वटा स्थानिय तहहरुले स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना निर्माण गरेर कार्यान्वयनमा ल्याएको छ।

नेपालको संविधान–२०७२ (२०७२) को अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तर्गत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर) घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन् र गैरकर अन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्नेछन् । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । यसै व्यवस्था अनुरुप स्थानीय तहहरुले राजश्व सुधार कार्ययोजना निर्माण गरी स्थानीय तहको राजश्व संकलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## २.२ अध्ययनको अवधारणात्मक ढाँचा

अध्ययन गर्नु पर्ने परिवेश संबन्धि अनुसंधानकर्ताका वास्तविक विचार र विश्वासहरू (लिखित वा अलिखित) लाई अध्ययनको अवधारणात्मक ढाँचा भनिन्छ, यो अध्ययनको विचार परिवेश हो (Maxwlle, 2013, p.39)। अवधारणात्मक ढाँचाको उद्देश्य अध्ययनका लागि सान्दर्भिक अवधारणाहरूलाई वर्गिकृत गर्ने, वर्णन गर्ने र आपसमा अन्तरसंबन्धित गर्ने हो (Rocco and Plakhotnik, 2009, p. 122)। यस अध्ययन कार्यलाई सहज र प्रभावकारी ढङ्गले सम्पन्न गर्न निम्नानुसारको अवधारणात्मक ढाँचाको प्रयोग गरिएको थियो ।




चित्र १: अध्ययनको अवधारणात्मक ढाँचा

# परिच्छेद तीनः अध्ययन विधि

## ३.१ अध्ययनको क्षेत्र

सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश अनुसंधान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको आर्थिक सहयोगमा सुदूरपश्चिम विश्वविद्यालय, अनुसंधान, नवप्रवर्तन तथा विकास केन्द्रद्वारा सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहहरूको राजश्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था संबन्धि गरिएको यस अध्ययनका लागि सुदूरपश्चिम प्रदेश अनुसंधान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीद्वारा प्रदान गरिएको राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिरहेका ३५ वटा स्थानीय तहहरू मध्ये अध्ययनको लागि छनौटमा परेका पाँच वटा जिल्लाहरू कंचनपुर, कैलाली, डोटी, बाजुरा र बझाङ्गलाई अध्ययनको क्षेत्रका रुपमा लिईएको थियो।

## ३.२ अध्ययनको ढाँचा

राजश्व सुधार कार्ययोजना तथा राजश्व संकलनका विविध पक्षहरू संबन्धि अध्ययन गर्न गुणात्मक र परिमाणात्मक दुवै प्रकारका सूचनाहरू आवश्यक पर्ने भएकोले यो अध्ययन मिश्रित अनुसंधान ढाँचाका आधारमा गरिएको थियो ।

## ३.३ नमूना तथा नमूना छनोट विधि

यो अध्ययन मिश्रित अनुसंधान ढाँचमा आधारित भएकोले आवश्यक नमूनाहरू समान सम्भाव्यता नमूना छनौट तथा सम्भावनारहीत नमूना छनौट विधिको प्रयोग गरी छनोट गरिएको थियो । सुदूरपश्चिम प्रदेश अनुसंधान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीद्वारा प्रदान गरिएका ३५ वटा स्थानीय तहहरूलाई जनसंख्या मानी भौगोलिक तह (हिमाल, पहाड र तराई) तथा पालिकाको प्रकार (गाँउपालिका र नगरपालिका) का आधारमा समूह ९क्तचबतब० निर्धारण गरी समान सम्भाव्यता नमूना छनोट विधि अन्तर्गतको स्तरिकृत नमूना छनोट विधिको प्रयोग गरी पाँच वटा पालिकाहरू (दुई वटा नगरपालिका तथा तीन वटा गाँउपालिका) को छनोट गरिएको थियो । यसरी नै गुणात्मक सूचना संकलनका लागि उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरी निम्नानुसारको संख्यामा सूचनादाताहरू छनोट गरिएको थियो।

तालिका १ः सूचनादाताहरूको विवरण


| क्र.सं. | क्षेत्र | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कैलारी गाँउपालिका | १० | |
| २ | दोधारा चाँदनी नगरपालिका | १० | |
| ३ | पूर्बीचौकी गाँउपालिका | १० | |
| ४ | बुढीगंगा नगरपालिका | १२ | |
| ५ | छबिस पाथिभेरा गाँउपालिका | ०८ | |

## ३.४ सूचना संकलनका साधनहरू

यस अध्ययनको लागि गुणात्मक सूचना संकलन गर्न गहन अन्तरवार्ता, लक्षित समुह छलफल तथा अवलोकनको प्रयोग गरिएको थियो । यसरी नै परिमाणात्मक सूचना सहायक तथ्याङ्का रुपमा पालिकाका विभिन्न दस्तावेजहरू वित्तीय प्रतिवेदन (SUTRa generated report), आर्थिक ऐन, नीति कार्यक्रम तथा बजेट आदिबाट प्राप्त गरिएको थियो ।

## ३.५ तथ्यांक संकलन विधि र प्रकृया

राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्थाका लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छः




**चित्र २: राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्थाको तथ्यांक संकलन विधि र प्रकृया**

यसर्थ राजस्व सुधार कार्ययोजनाको वर्तमान अवस्था अध्ययनको क्रममा मुख्यत: निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियो:

राजस्वको वर्तमान अवस्था, राजस्व सम्बन्धि प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण

नमुना छनोटमा समावेश गरिएका स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गरे नगरेको

- ⇒ स्थानीय तहहरुले राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- ⇒ स्थानीय तहहरुले कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- ⇒ चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- ⇒ चालु वर्षको आर्थिक ऐन तथा बजेट
- ⇒ आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- ⇒ आन्तरिक राजस्व सङ्कलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना

⇒ अपेक्षित राजश्व संकलन गर्नका लागि स्थानीय तहहरुले सरोकारवालाहरुसँग गरेको छलफल तथा अन्तरक्रिया

⇒ सेवाग्राही तथा करदाताहरुलाई राजश्व सचेतना कार्यक्रम र पुरुस्कार दण्डको अवस्था

⇒ राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि।

**तथ्याङ्कको विश्लेषण तथा राजस्वको वर्तमान अवस्था**

राजस्व सुधार कार्ययोजनाको वर्तमान अवस्था पहिचानका लागि  अध्ययन क्षेत्रमा गएर आवश्यक सूचना-तथ्याङ्क संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई उद्देश्यका आधारमा विश्लेषण गरिएको थियो। सूचना-तथ्याङ्क विश्लेषणको लागि मिश्रित (गुणात्मक तथा परिमाणात्मक) विधिलाई प्रयोग  गरिएको थियो । स्थानीय तहमा राजश्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था पहिचान गरी सुधारका उपायहरु अवलम्वनका लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो । स्थानीय तहको राजस्व अधिकार, राजश्व संकलनका श्रोतहरु, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा आएको सुधारलाई पहिचान गर्न विगत तीन वर्षको आय व्ययको विश्ेषण गरिएको थियो।

## ३.६ सूचनाको प्रस्तुतिकरण तथा विश्लेषण प्रकृया

अध्ययनका क्रममा प्राप्त गरिएका गुणात्मक सूचनालाई आवश्यकतानुसार शाब्दिक रुपमा अनुच्छेद तथा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ भने परिमाणात्मक तथ्याङ्कलाई लेखाचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# परिच्छेद चारः नतिजा तथा छलफल

## ४. अध्ययनको नतिजा

### ४.१ राजस्व सुधार कार्ययोजनाको वर्तमान अवस्था र वैधानिकता


प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्रले सहजीकरण गरेका सुदुरपस्चिम प्रदेशमा राजस्व सुधार कार्ययोजनाहरुको तयारी विशेष गरी २०७९ साल देखि ३ वर्षको अवधिकालागि बनेको पाईएको छ । अध्ययन गरिएका स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनाहरुको अवधिका हिसाबले सबै स्थानीय तहहरुमा योजना सक्रिय अवस्थामा रहेको छ। यस सम्बन्धि विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २:स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनाहरुको वर्तमान अवस्था**

| क्र.स. | स्थानीय तह | अवधि | योजनाको अवधिको वर्तमान अवस्था |
|---|---|---|---|
| १ | बुढीगंगा नगरपालिका, बाजुरा | २०७९/८० देखि २०८१/८२ | सक्रिय |
| २ | कैलारी गाउँपालिका, कैलाली | २०७९/८० देखि २०८१/८२ | सक्रिय |
| ३ | छविस पाथिभेरा गाउँपालिका, बझांग | २०७९/८० देखि २०८१/८२ | सक्रिय |
| ४ | दोधारा चाँदनी नगरपालिका, कन्चनपुर | २०७९/८० देखि २०८१/८२ | सक्रिय |
| ५ | पुर्वीचौकी गाउँपालिका, डोटी | २०७९/८० देखि २०८१/८२ | सक्रिय |

## ४.२ राजस्व प्रक्षेपण र वास्तविक आयको अवस्था


अध्ययन गरिएका स्थानीय तहहरुको आ.व. २०७९/८० को आन्तरिक आय तर्फको वार्षिक राजस्व प्रक्षेपण र राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्वको प्रक्षेपण हेर्दा सबै स्थानीय तहहरुमा राजस्वको प्रक्षेपण राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको भन्दा काम रहेको पाईएको छ । त्यसै गरी राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्वको प्रक्षेपण, स्थानीय तहको राजस्व प्रक्षेपण तथा स्थानीय तहहरुको सोहि आ.व.को वास्तविक आयको अवस्था विश्लेशण गर्दा राजस्वको वार्षिक प्रक्षेपण भन्दा वास्तविक आय निकै कम हुने गरेको पाईएको छ । स्थानीय तहहरुको राजस्व प्रक्षेपण, राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्वको प्रक्षेपण तथा स्थानीय तहहरुको वास्तविक आयको अवस्था चित्र ३ मा प्रस्तुत गरिएको छ ।




**चित्र ३. स्थानीय तहहरुको राजस्व प्रक्षेपण, राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्वको प्रक्षेपण तथा स्थानीय तहहरुको वास्तविक आयको अवस्था (आ.व. २०७९/८०)**

आ.व. २०७९/८० मा स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्व प्रक्षेपण र स्थानीय तहको राजस्वको प्रक्षेपण विचको फरक विश्लेष्ण गर्दा सबै भन्दा बढी फरक छबिस पाथिभेरा गाउँपालिका, बझांगमा ७२.१३ प्रतिशत रहेको पाइन्छ भने क्रमस पुर्वीचौकी गाउँपालिका, डोटीमा

६६.१६ प्रतिशत, दोधारा चाँदनी नगरपालिका, कन्चनपुरमा ३९.०२ प्रतिशत, कैलारी गाउँपालिका, कैलालीमा ३५.६० प्रतिशत र सबै भन्दा कम बुढीगंगा नगरपालिका, बाजुरामा १२.४१ प्रतिशत रहेको पाईएको छ । त्यसैगरी स्थानीय तहको राजस्वको प्रक्षेपण र वास्तविक आयबिचको फरक विशेषण गर्दा सबै भन्दा बढी पुर्वीचौकी गाउँपालिका, डोटीमा ५७.९३ प्रतिशत रहेको पाइन्छ भने क्रमस बुढीगंगा नगरपालिका, बाजुरामा ४८.८२ प्रतिशत, छबिस पाथिभेरा गाउँपालिका, बझांगमा ४६.६० प्रतिशत, कैलारी गाउँपालिका, कैलालीमा ८.२८ प्रतिशत र सबै भन्दा कम दोधारा चाँदनी नगरपालिका, कन्चनपुरमा  १.६० प्रतिशत रहेको पाईएको छ । यस सम्बन्धि थप तथ्यांकहरु चित्र ४ र तालिका ३ मा प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्यांक तथा तिनको विश्लेष्णका आधारमा स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजनामा प्रस्तुत गरिएको राजस्वको प्रक्षेपण अनुसार वार्षिक राजस्व प्रक्षेपण गर्न नसकेको साथै आफ्नो वार्षिक राजस्व प्रक्षेपण अनुसार आय संकलन गर्न नसककेको स्पस्ट रुपमा देखिएको छ।




**चित्र ४ :राजस्व सुधार कार्ययोजना र स्थानीय तहको राजस्व प्रक्षेपण र वास्तविक आयको अवस्था विश्लेषण (आ.व. २०७९/८०)**

तालिका ३:राजस्व सुधार कार्ययोजना र स्थानीय तहको राजस्व प्रक्षेपण र वास्तविक आयको अवस्था विश्लेषण (आ.व. २०७९/८०)

| स्थानीय तह | RIAP को राजस्व प्रक्षेपण | स्थानीय तहको राजस्व प्रक्षेपण | RIAP र स्थानीय तहको राजस्व प्रक्षेपण बिचको फरक | स्थानीय तहको वास्तविक आय | RIAP को राजस्व प्रक्षेपण र स्थानीय तहको वास्तविक आय बिचको फरक | स्थानीय तहको राजस्व प्रक्षेपण र स्थानीय तहको वास्तविक आय बिचको फरक |
|---|---|---|---|---|---|---|
| दोधारा चाँदनी नगरपालिका, कन्चनपुर | १८६३५००० | ११३६४००० | ७२७१००० | ११९८१८१४ | ७४५३१८६ | १८२१८६ |
| कैलारी गाउँपालिका, कैलाली | २७०९५००० | १७४५०००० | ९६४५००० | १६००४८०१ | ११०९०१९९ | १४४५१९९ |
| पुर्वीचौकी गाउँपालिका, डोटी | २८९६५००० | ९८०२७२३.१४ | १९१६२२७७ | ४१२४४०५.९९ | २४८४०५९४ | ५६७८३१७ |
| बुढीगंगा नगरपालिका, बाजुरा | ५७९९५४४ | ५०८०००० | ७१९५४४ | २६००००० | ३१९९५४४ | २४८०००० |
| छविस पाथिभेरा गाउँपालिका, बझांग | ७१७५४८७.६ | २०००००० | ५१७५४८८ | १०६७९६७ | ६१०७५२१ | ९३२०३३ |

### ४.३ स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजना बमोजिम राजस्वका श्रोतहरुको कार्यान्वयनको अवस्था

अध्ययन गरिएका सबै स्थानीय तहहरुमा राजस्व सुधार कार्ययोजनामा सुझाईए बमोजिम आन्तरिक श्रोत तर्फका केहि शिर्षकहरुमा राजस्व प्रक्षेपण गरिएतापनि सबै शिर्षकहरुमा हाल सम्म पनि राजस्व प्रक्षेपण नगरिएको, केहि शिर्षकहरुमा राजस्व संकलन सुरु नभएको र केहि शिर्षकहरुमा राजस्व संकलन हुन नसकेको पाईएको छ । त्यसै गरी स्थानीय तहरुले राजस्व प्रक्षेपण गरेका अधिकांस शिर्षकहरुमा वास्तविक आय प्रक्षेपण भन्दा न्यून रहेको, केहि शिर्षकहरुमा प्रक्षेपण र वास्तविक आय मिल्दो जुल्दो रहेको पाईएको छ भने दोधारा चाँदनी नगरपालिका, कन्चनपुर र पुर्वीचौकी गाउँपालिका, डोटीमा केहि शिर्षकहरुमा राजस्व प्रक्षेपण भन्दा वास्तविक आय बढी भएको पाईएको छ । राजस्व सुधार कार्ययोजना बमोजिम विभिन्न राजस्वका शिर्षकहरुमा स्थानीय तहहरुको राजस्व प्रक्षेपण र

संकलनको संक्षीप्त जानकारी तालिका ४ मा प्रस्तुत गरिएकोछ । त्यसै गरी छुट्टाछुटै स्थानीय तहको राजस्व संकलनका शिर्षकहरु, प्रक्षेपण र संकलनको विशेल्ष्ण तालिका ५ देखि तालिका ९  सम्ममा प्रस्तुत गरिईको छ ।

**तालिका ४ : राजस्व सुधार कार्ययोजना बमोजिम विभिन्न राजस्वका शिर्षकहरुमा स्थानीय तहहरुको राजस्व प्रक्षेपण र संकलनको संक्षीप्त जानकारी**

| स्थानीय तह | संकलन हुन नसकेको | कम संकलन | मिल्दो जुल्दो | बढी संकलन | हाल सम्म सुरु नभएको | प्रक्षेपण नगरिएको |
|---|---|---|---|---|---|---|
| दोधारा चाँदनी नगरपालिका, कन्चनपुर | वहाल विटौरी कर, रेडियो/ एफ.एम. संचालन दस्तुर | सम्पती कर, अन्य कर, कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम, न्यायिक दस्तुर, शिक्षा क्षेत्रको आम्दानी, पार्किङ शुल्क, नक्सापास दस्तुर, अन्य दस्तुर, व्यवसाय रजिस्ट्रेशन दस्तुर | भुमिकर / मालपोत, वहाल कर, सवारी साधन कर (साना सवारी) | अखेटोपहारमा लाग्ने कर, सरकारी सम्पतीको वहालबाट प्राप्त आय, अन्य सेवा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, सिफारिस दस्तुर, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर, व्यवसाय कर | विज्ञापन कर, अन्य विक्रिबाट प्राप्त रकम | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर, प्रशासनिक दण्ड, जरिवाना र जफत |
| कैलारी गाउँपालिका, कैलाली | | भुमी/मालपोत कर, सिफारीस दस्तुर, नक्सा पास दस्तुर, साना सवारी दर्ता, वार्षिक सवारी कर, व्यक्तीगत घटना दर्ता दस्तुर, सम्पती कर, सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय, नाता प्रमाणीत दस्तुर, कृषि तथा पशुजन्य, माछा जन्य | व्यवसाय कर | | बहाल बिटौरि कर, विज्ञापन कर, व्यवसाय रजिस्ट्रेसन कर, अन्य दस्तुर | न्यायीक दस्तुर, अन्य सेवा शुल्क + अन्य बिक्रीबाट प्राप्त रकम, अन्य प्रशासनीक सेवा शुल्क |

| स्थानीय तह | संकलन हुन नसकेको | कम संकलन | मिल्दो जुल्दो | बढी संकलन | हाल सम्म सुरु नभएको | प्रक्षेपण नगरिएको |
|---|---|---|---|---|---|---|
| | | वस्तुको व्यवसयीक कारोवारमा लाग्ने कर | | | | |
